# स्वशासन अध्ययन प्रतिष्ठानको विधान, २०६२

(पहिलो संसोधन २०६६)

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)
काठमाडौं

# स्वशासन अध्ययन प्रतिष्ठानको विधान, २०६२

## (पहिलो संसोधन २०६६)

**स्वशासन अध्ययन प्रतिष्ठान**
**Institute of Local Governance Studies (Inlogos)**
**काठमाडौं**

*प्रस्तावना :* नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिप्रेरित भई स्थानीय स्वायत्त शासन पद्धतिका आधारभूत तत्वहरूको प्रवर्द्धन गरेर प्रजातान्त्रिक संस्कार, मूल्य र मान्यतालाई समुदायस्तरमा पुऱ्याई मानव अधिकारको संरक्षण गर्न र विकासको प्रतिफलको उपभोग सबै वर्ग र समुदायमा पुऱ्याउने अभिप्रायले संस्थागत रूपमा कार्य गर्न यस स्वशासन अध्ययन प्रतिष्ठानको स्थापना गर्ने उद्देश्यले स्थानीय अधिकारीको स्वीकृति लिई संस्था दर्ता ऐन २०३४, बमोजिम* यो विधान जारी गरिएको छ ।

# परिच्छेद १
## प्रारम्भिक

*१. संक्षिप्त नाम र प्रारम्भः*

(१) यस विधानको नाम "स्वशासन अध्ययन प्रतिष्ठानको विधान २०६२" हुनेछ । स्वशासन अध्ययन प्रतिष्ठानलाई छोटकरीमा इन्लोगस र अङ्ग्रेजीमा "Institute of Local Governance Studies" छोटकारीमा Inlogos भनी लेखिनेछ* ।

(२) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफा रहित, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । **यसले व्यक्ति सरह चलअचल सम्पत्ति आर्जन, बेचबिखन गर्न र दानदातव्य दिन लिन सक्नेछ*** ।

(३) यो विधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएपछि प्रारम्भ हुनेछ* ।

*२. परिभाषा र व्याख्या:*

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "प्रतिष्ठान" भन्नाले 'स्वशासन अध्ययन प्रतिष्ठान' सम्झनुपर्छ ।

(ख) "विधान" भन्नाले स्वशासन अध्ययन प्रतिष्ठानको विधान २०६२ लाई सम्झनुपर्छ ।

(ग) "स्थानीय अधिकारी" भन्नाले प्रचलित संस्था दर्ता सम्बन्धी कानुनले व्यवस्था गरेको अधिकारी सम्झनुपर्छ ।

(घ) "कार्य समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ङ) "साधारण सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत सम्झनुपर्छ ।

(च) "आर्थिक वर्ष" भन्नाले नेपाल सरकारको आर्थिक वर्ष सम्झनुपर्छ ।

(छ) "पदाधिकारी" भन्नाले....** **विधानको परिच्छेद ५मा उल्लेख गरिएका पदाधिकारीहरुलाई सम्झनुपर्छ*** ।

(ज) "सदस्य" भन्नाले......** **दफा ७ को व्यवस्था बमोजिमका सदस्यलाई समेत*** सम्झनुपर्छ ।

(झ) "स्थानीय स्वायत्त शासन पद्धति" भन्नाले मुलुकमा मौजुदा कानुनमा अन्तर्निहित सिद्धान्त र व्याख्या, राष्ट्रिय योजना आयोगबाट प्रतिपादित नीति तथा रणनीति र स्थानीय निकायका संस्थाहरूले जनसहभागिताको आधारमा समुदायमा लागु गरेका अभ्यासहरू (Practices), मन्त्रालयहरूको अधिकार निक्षेपण सम्बन्धी नीति निर्देशिका, विकेन्द्रीकरण अनुगमन तथा कार्यान्वयन समितिको निर्णय तथा निर्देशनहरू र अन्तर्राष्ट्रिय मान्य सिद्धान्त सम्झनुपर्छ ।

(ञ) "केन्द्रीय निकाय" भन्नाले केन्द्रमा स्थापना भएका र शाखा कार्यालय मार्फत वा सोझै आफै काम गर्ने नेपाल सरकारका संगठन वा आयोग समेतलाई सम्झनुपर्छ ।

(ट) "स्थानीय निकाय" भन्नाले प्रचलित कानुन बमोजिम गठित स्थानीय निकाय सम्झनुपर्छ ।

(ठ) "नियम" वा "विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई सम्झनुपर्छ ।

(ड) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा प्रतिष्ठानले तोके बमोजिम सम्झनुपर्छ ।

*३. प्रतिष्ठानको चिह्न, छाप र प्रयोग :*

(१) प्रतिष्ठानको प्रतीक चिन्ह (Logo) दुईवटा पातको तल रहेको फल आकारको हुनेछ* । लोगोको नमुना अनुसूची ४ मा दिइएको छ ।

(२) प्रतिष्ठानको प्रतीक चिह्न र नाम अंकित भएको आफ्नो छाप हुनेछ र आधिकारिक कागजातमा यो छाप प्रयोग गरिनेछ । ....**

*४. प्रतिष्ठानको कार्यालय :*

प्रतिष्ठानको मुख्य कार्यालय काठमाडौंमा रहनेछ र कानुनको रीत पुर्‍याई अन्य ठाउँमा मुख्य कार्यालय स्थानान्तरण वा शाखा वा सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

## परिच्छेद २
### उद्देश्य

*५.१ यस प्रतिष्ठानका निम्न लिखित उद्देश्यहरु रहनेछन्:*

(क) स्थानीय स्वायत्त शासन पद्धतिको सिद्धान्त, नीति र

व्यवहारसँग सम्बद्ध विविध पक्षका कार्यक्रमहरू संचालन गर्ने ।

(ख) स्थानीय स्वायत्त शासन पद्धतिको पक्षमा पैरवी एवं यसका विविध पक्षमा सर्वेक्षण, अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने तथा सूचना प्रवाह गर्ने ।

(ग) स्थानीय स्वायत्त शासन पद्धतिका आधारभूत तत्वहरू र स्थानीय निकायहरूका काम, कर्तव्य र अधिकार क्षेत्रभित्र परेका विषयहरूको प्रकाशन गर्ने तथा श्रव्यदृश्य उत्पादन र कार्यक्रम जनसमुदायमा पुऱ्याउने ।

(घ) स्थानीय निकायहरू र त्यस्ता निकायहरूको संघ/महासंघहरूको क्षमता विकासका लागि सहभागितात्मक कार्यक्रम संचालन गर्ने, कार्यशाला, गोष्ठी वा तालिम संचालन गर्ने, सफल परिणाम निस्केका निकायहरूमा अवलोकन भ्रमण, अध्ययनको व्यवस्था गर्ने र नतिजामूलक कार्यमा सहयोग पुऱ्याउने ।

(ङ) स्थानीय निकायहरू र केन्द्रीय निकायहरूबिचको समन्वय र सहयोगलाई सबल र स्थायी बनाउन मद्दत गर्ने र केन्द्रीय निकायबाट स्थानीय निकायलाई अधिकारको पूर्ण निक्षेपण गर्न गराउन सहयोग पुऱ्याउने ।

(च) ग्रामीण विकास वा नगर विकास वा स्थानीय एवं सामुदायिक विकास सम्बद्ध अन्य विषयमा प्राविधिक ज्ञान तथा शिक्षा प्रदान गर्न अन्य संस्थाहरूसँग सहकार्य गरी सर्वसाधारणका लागि तत्सम्बन्धी शिक्षा सुलभ गराउन सहयोग गर्ने ।

(छ) नीति निर्माण तहमा रहेका केन्द्रीय निकायहरूलाई स्थानीय स्वायत्त शासन सम्बन्धमा नीति/रणनीति, कार्यविधि/निर्देशिका निर्माण गर्न सहयोग तथा नयाा नीति सम्बन्धमा जनमत तयार गर्ने ।

(ज) सार्वजनिक र निजी क्षेत्रबिचको सहकार्यलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने, स्थानीय स्तरमा पूजी निर्माण र पूजी बजारको व्यवस्थाका लागि सहयोग पुऱ्याउने गरी सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन गर्ने* ।

(झ) स्थानीय निकायलाई पूर्ण विकेन्द्रित शासन पद्धतिको नमुना (Model) को रूपमा संचालन गर्न सहयोग पुऱ्याउने ।

(ञ) देहायका क्षेत्र र विषयमा स्थानीय निकायहरूलाई विशेषज्ञ सेवा प्रदान गर्ने ।

(१) लैङ्गिक समानता र समावेशीकरणलाई केन्द्रित गरी स्थानीय नीति निर्माण, विनियमावली/निर्देशिका बनाउन र सामाजिक परिचालन गर्न सहयोग गर्ने ।

(२) आवधिक वा वार्षिक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(३) संस्थाको गठन र व्यवस्थापन प्रभावकारी बनाउने र वित्तीय व्यवस्थापन सुधार गर्न सहयोग गर्ने ।

(४) अनुगमन र मूल्यांकनको पद्धतिको विकास गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग गर्ने ।

(५) विकाससँग सम्बद्ध समस्याहरूको निराकरण गर्न सहयोग गर्ने ।

(६) कार्यक्रम/आयोजनाको संचालन गर्ने,

(७) विद्यालयदेखि उच्च तहका शिक्षण संस्थासम्म स्थानीय स्वायत्तताको ज्ञान दिन सामग्री उत्पादन गर्ने, शिक्षकलाई तालिम दिन र शिक्षण कार्यमा सहयोग पुऱ्याउने,

(८) कानुनी र वित्तीय विकेन्द्रीकरण सम्बन्धी कार्य गर्ने,

(९) स्थानीय स्वायत्त शासनका विविध क्षेत्रमा कार्यमूलक अनुसन्धान गर्ने,

(ट) स्थानीय स्वायत्त शासन पद्धतिको प्रवर्द्धन गर्न ठोस योगदान पुऱ्याएका वा स्थानीय विकास कार्यक्रममा जनसहभागिता जुटाई दिगो परिणाममुखी कार्यक्रमहरू संचालन गर्न सफल भएका वा मानवीय स्रोतको विकास गरी जनतालाई प्रदान गर्ने सेवामा गुणात्मक सुधार गर्न सफल भई उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थाहरूलाई मान-सम्मान वा कदर गर्ने,

(ठ) मौजुदा कानुनको रीत पुऱ्याई स्थानीय स्वायत्तताको पक्षमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्जाल (Net-working) को कार्य गर्ने र त्यस्तो संस्थाहरूसँग सहयोग आदान-प्रदान गर्ने, स्वयंसेवक तथा विज्ञहरूको परिचालन गर्ने,

५.२. उपदफा १ को उद्देश्य प्राप्तिका लागि यस प्रतिष्ठानले स्थानीय निकाय, स्थानीय निकायका संघ/महासंघ, स्थानीय निकायहरूका कर्मचारी संघ/संगठन, नेपाल सरकारका केन्द्रीय निकाय, बैंक, प्रतिष्ठान तथा सहकारी संस्था, नेपाल सरकारको स्वीकृति लिई नेपालमा कार्यरत दातृसंस्था, उच्च शिक्षाका संस्था, गैरसरकारी संस्था र समुदायमा आधारित संघ/संस्था तथा नागरिक समाजसँग सहकार्य गर्नेछ,

५.३. दफा १ को उद्देश्यहरूसँग सम्बन्धित कार्यहरू गर्दा आइपर्ने अन्य कार्यहरू गर्ने,

**५.४. आर्थिक तथा पूँजी निर्माण (बचत) र लघुवित्त सम्बन्धी विषयमा कार्यक्रम संचालन गर्ने,***

**५.५. संघीय शासन व्यवस्था सम्बन्धी अध्ययन अनुसन्धानजस्ता कार्यक्रम संचालन गर्ने,***

**५.६. सुशासन, संघीयता र विकेन्द्रीकरण सम्बन्धी विषयमा पैरवी गर्ने, कार्यक्रम संचालन र प्रकाशन गर्ने ।***

# परिच्छेद ३
## सदस्यता

*६. सदस्य हुनका लागि चाहिने योग्यता:*

(१) व्यक्तिगत रूपमा सदस्य हुन निम्नानुसार योग्यता पुगेको हुनुपर्छ :-

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष पुरा गरेको,

(ग) कुनै पनि मान्यता प्राप्त विश्वविद्यायलबाट स्नातक भई समुदाय स्तरको विकास कार्यको अनुभव भएको, वा कुनै पनि स्थानीय निकायमा रही ५ वर्षको कार्य अनुभव भएको, वा स्थानीय स्वायत्त शासन प्रवर्द्धन गर्न प्राज्ञिक वा अनुसन्धानात्मक कार्य गरी अनुभव हासिल गरेको ।

(२) संस्थागत सदस्यका लागि प्रचलित कानुन बमोजिम संस्था दर्ता गरेको र यस प्रतिष्ठानको हित अनुकूलको आचरण गरी सहयोग गर्न चाहने समान प्रकृतिका उद्देश्य र लक्ष्य भएको जुनसुकै गैरसरकारी संस्था तोकिएको सर्तको अधीनमा रही सदस्य हुन योग्य हुनेछन् ।

*७. सदस्यताको किसिम :*

(१) प्रतिष्ठानमा निम्न किसिमका सदस्यहरू हुनेछन् :

**(क)** **साधारण वा आजीवन सदस्य** : दफा ६ को उपदफा (१) बमोजिम योग्यता पुगेका जो सुकै नेपाली नागरिक यो विधानमा तोकिएको सदस्यता शुल्क तिरी प्रतिष्ठानको साधारण वा आजीवन सदस्य बन्न सक्नेछन् ।

**(ख)** **संस्थापक सदस्य** : यो प्रतिष्ठान स्थापना गर्दाका समयमा कार्य समितिमा रहेका सबै सदस्यहरू आजीवन संस्थापक सदस्य हुनेछन् । कानुनत: दर्ता भएपछि बसेको प्रतिष्ठानको पहिलो बैठकले यो प्रतिष्ठान स्थापना गर्दा आर्थिक वा प्राविधिक सहयोग पुऱ्याएका अन्य सदस्यहरूलाई संस्थापक सदस्यता प्रदान गर्न सक्नेछ ।

**(ग)** **संस्थागत सदस्य** : दफा ६ को उपदफा (२) बमोजिमको सर्तअनुसार तोकिएको सदस्यता शुल्क तिरी कुनै पनि संस्था संस्थागत सदस्य बन्न सक्नेछ । प्रत्येक संस्थालाई व्यक्ति सरह एक मतको मताधिकार हुनेछ ।

**(घ)** **मानार्थ सदस्य** : यस प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि ठोस योगदान पुऱ्याउने ख्यातिप्राप्त स्वदेशी व्यक्तिलाई कार्यसमितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यलाई कार्य समितिको बैठक वा साधारण सभामा आमन्त्रण गर्न सकिनेछ तर निजलाई मताधिकार हुनेछैन ।

(२) उपदफा (१) मा तोकिएको सबै प्रकारको सदस्यता वितरण कार्यसमितिको निर्णय अनुसार हुनेछ ।

(३) सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेका नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

(४) साधारण सदस्यले वार्षिक रु.१,०००।-, आजीवन सदस्यले एकमुष्ठ रु. १२,०००।-, संस्थापक सदस्यले एकमुष्ठ रु. १०,०००।- र संस्थागत सदस्यले तीन वर्षका लागि एकमुष्ठ रु. १५,०००।- सदस्यता शुल्क तिर्नुपर्नेछ । तीन वर्षपछि त्यस्तो संस्थालाई कार्यसमितिले प्रत्येक तीन वर्षका लागि रु. ३५००।- लिई सदस्यता नवीकरण गर्न सक्नेछ* ।

(५) साधारण सदस्यले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ*।

## ८. *सदस्यताका लागि अयोग्यता :*

(१) देहायको अवस्थामा प्रतिष्ठानको साधारण, आजीवन, संस्थापक, मानार्थ र संस्थागत सदस्य रहेको व्यक्ति वा निकाय सदस्यका लागि अयोग्य ठहरिनेछ :

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) मगज बिग्रेको वा बहुलाएको,

(ग) संस्थागत सदस्यको हकमा कानुन बमोजिम आफूले प्रतिनिधित्व गरेको संस्था विघटन भएमा, वा सो संस्थासँग सम्बद्ध नरहेमा,

(घ) पूर्व सूचना नदिई साधारणसभाको लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा,

(ङ नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(च) प्रतिष्ठानको हित विरुद्ध काम गरेको, प्रतिष्ठानको रकम हिनामिना गरेको वा साधन दुरुपयोग गरेको भनी कार्य समितिको दुईतिहाई बहुमतले सदस्यताबाट निष्काशन गर्ने निर्णय गरेमा,

(छ) साधारण र संस्थागत सदस्यको हकमा सदस्यता नवीकरण नगराएमा,

(ज) प्रचलित कानुन बमोजिम किर्ते, जालसाजी, ठगी, चोरीजस्ता आरोप लागेमा,

(झ) दफा २४ बमोजिम अविश्वासको प्रस्ताव पारित भएमा, वा

(ञ) विधान अन्तर्गतको नियम, विनियम पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम अयोग्य ठहरिएको सदस्यको सदस्यता कार्यसमितिबाट निर्णय भएपछि समाप्त हुनेछ ।

## ९. *सदस्यताको पुनः प्राप्ति :*

कुनै व्यक्ति वा संस्थाले यस विधान बमोजिम सदस्यताको

समाप्ति भई पुनः प्राप्त गर्न चाहेमा कार्यसमितिको निर्णय अनुसार तोकिएको शुल्क र जरिवाना तिरी सदस्यता प्राप्त गर्न सकिनेछ ।

## परिच्छेद ४

### साधारण सभा र कार्य समिति

*१०. साधारण सभाको गठन :*

दफा ७ बमोजिमका सदस्यहरू रहेको प्रतिष्ठानको एक साधारणसभा हुनेछ ।

*११. साधारणसभाको अधिवेशन :*

(१) साधारणसभाको अधिवेशन वर्षमा एकपटक आर्थिक वर्षको दोस्रो त्रैमासिकभित्र बस्नेछ,

(२) कुनै विशेष परिस्थितिमा साधारणसभाको अधिवेशन बोलाउन आवश्यक छ भनी प्रतिष्ठानको साधारणसभाका २५ प्रतिशत सदस्यले संयुक्त रूपमा कारण सहितको निवेदन कार्यसमिति समक्ष दिएमा कार्य समितिले साधारणसभाको विशेष अधिवेशन ७ दिनभित्र बोलाउनुपर्नेछ,

(३) साधारणसभाको अधिवेशन बोलाउन आवश्यक छ भनी कार्यसमितिको कुनै सदस्यले प्रस्तुत गरेको कारण सहितको प्रस्ताव कार्यसमितिले पारित गरेमा साधारणसभाको विशेष अधिवेशन बोलाउनुपर्नेछ तर विशेष अधिवेशनको माग गर्ने र भाग लिनेले आफ्नो सदस्यताको नवीकरण गराएको हुनुपर्नेछ,

(४) साधारणसभाका ६० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनका लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(५) एकपटक गणपूरक संख्या नपुगे १५ दिनभित्र अर्को अधिवेशन बोलाइनेछ । यसरी बोलाइएको अधिवेशनमा एक तिहाई सदस्य उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ,

(६) कुनै कारण परी विशेष अधिवेशन बोलाउनु परेमा जुन प्रयोजनका लागि त्यस्तो विशेष अधिवेशन बोलाइएको हो सो बाहेक अन्य विषयमा छलफल गर्न र निर्णय गर्न पाइनेछैन,

(७) अधिवेशनको अध्यक्षता प्रतिष्ठानको कार्यसमितिको अध्यक्षले गर्नेछ । साधारणसभाको अधिवेशनमा बहुमतद्वारा निर्णय गरिनेछ । अध्यक्षले मत बराबर भएको अवस्थामा निर्णायक मतमात्र दिन पाउनेछ,

(८) साधारणसभाको अधिवेशनका लागि तोकिएको मितिको कम्तीमा ७ दिनअगाडि सबै सदस्यहरूलाई अधिवेशनको कार्यसूची सहितको सूचना गर्नुपर्नेछ । तर एकपटक गणपूरक संख्या नपुगी स्थगित भएको अधिवेशन हुन नसकेकोमा तदुपरान्त बस्न लागेको अधिवेशनका लागि उपयुक्तता अनुसार विद्युतीय सूचना माध्यमबाट वा सार्वजनिक रूपमा सूचना दिन सकिनेछ,

(९) साधारणसभाको.......** मिति निर्धारण गरी सूचना जारी गरिएको मितिदेखि साधारण सभा*......** हुने दिनसम्म नयाँ सदस्यता प्रदान गरिनेछैन ।

## १२. *साधारणसभाको काम, कर्तव्य र अधिकार :*

(१) साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दफा ५ मा उल्लिखित उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानको दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने र तत्सम्बन्धी सम्पूर्ण कार्य गर्न कार्य समितिलाई निर्देशन दिने,

(ख) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको कार्यक्रम संचालनार्थ अन्य निकाय तथा संस्थाहरूसँगको सम्बन्ध र सहयोगका विषयमा सिद्धान्त स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको कार्यक्रम कार्यान्वयनको समीक्षा गरी कार्यसमितिलाई निर्देशन दिने,

(ङ) प्रतिष्ठानको लेखापरीक्षकको नियुक्ति गर्ने, पारिश्रमिक तोक्ने तथा वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी निर्णय गर्ने,

(च) प्रतिष्ठानका लागि आर्थिक स्रोत जुटाउने तथा उपलब्ध आर्थिक स्रोतको उपयोग सम्बन्धी नीति तर्जुमा गर्ने,

(छ) कार्यसमितिको निर्वाचन गर्ने,

(ज) प्रतिष्ठानको विधान संशोधन गर्ने,

(झ) कार्यसमितिले साधारण सभाबाट निर्णय गराउन उपयुक्त ठहऱ्याएका विषयहरूमा निर्णय गर्ने,

**(ञ) प्रतिष्ठानको हितका लागि आवश्यक अन्य कार्य गर्ने ।***

## १३. *कार्य समितिको गठन :*

**(१) प्रतिष्ठानको दैनिक कार्य संचालनका लागि देहाय बमोजिम पदाधिकारी रहेको कार्य समिति रहनेछ८ :**

| | | |
|---|---|---|
| **(क)** | **कार्यकारी अध्यक्ष** | **१** |
| **(ख)** | **निवर्तमान अध्यक्ष** | **१** |
| **(ग)** | **उपाध्यक्ष** | **१** |
| **(घ)** | **कोषाध्यक्ष** | **१** |
| **(ङ)** | **सदस्य** | **४** |

**(च) निवर्तमान अध्यक्ष भएपछि थप १ सदस्य (कार्यसमितिले मनोनयन गर्ने)**

(२) प्रतिष्ठानको साधारणसभाले गोप्य मतदानको माध्यमद्वारा देहाय बमोजिम पदाधिकारीहरूको निर्वाचन गर्नेछ* :

| | | |
|---|---|---|
| (क) | कार्यकारी अध्यक्ष | १ जना |
| (ख) | उपाध्यक्ष | १ जना |

(ग) कोषाध्यक्ष १ जना

(घ) सदस्य ४ जना

(३)

क) कार्यकारी अध्यक्षको सिफारिसमा कार्यसमितिले नियुक्ति गरेको महानिर्देशक/निर्देशकले कार्यसमितिले तोकेको अधिकारी सचिव भई कार्य गर्नेछ । कार्यसमितिमा सचिवको मताधिकार हुनेछैन ।

ख) कुनै पनि विषयमा स्नातकोत्तर उत्तीर्ण गरी न्यूनतम ३ वर्षसम्म ग्रामीण वा नगर वा सामुदायिक स्तरका विकास कार्यको नीतिगत वा कार्यगत वा दुवैको अनुभव नभई सचिवमा नियुक्ति गरिनेछैन ।

ग) निम्न मध्ये कुनै पनि अवस्थामा सचिवको पद रिक्त हुनेछ :

१) राजीनामा दिएमा,

२) मृत्यु भएमा,

३) दफा ८ को उपदफा १ को खण्ड क, ख, च, छ, झ मा उल्लेख भएको अभियोग लागेमा,

४) कार्यसमितिलाई निजको कार्यक्षमता कारणसहित अनुपयुक्त लागेमा, र

५) आचरण सम्बन्धी आरोप लागेमा ।

(४) प्रतिष्ठानको कुनै पनि प्रकारको सदस्यता हासिल गरेको सदस्य मध्येबाट सचिव नियुक्ति भएमा सो पदमा निज बहाल रहेसम्म निजको सदस्यताको अधिकार स्वतः स्थगन भएको मानिनेछ ।

(५) कार्यसमितिका निर्वाचित पदाधिकारीहरूको पदावधि ३ वर्षको हुनेछ ।

(६) खण्ड (ग) को उपखण्ड (३), (४) र (५) बमोजिम कारबाही गर्दा सफाइ पेस गर्ने मौका प्रदान गरिनेछ ।

## १४. *कार्यसमितिको बैठक :*

(१) कार्यसमितिको बैठक कम्तीमा २ महिनामा एकपटक बस्नेछ ।

(२) बैठकको अध्यक्षता कार्यसमितिको कार्यकारी अध्यक्षले गर्नेछ र कार्यकारी अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्ष वा उपाध्यक्ष दुवै उपस्थित हुन नसक्ने अवस्थामा उपस्थित हुन नसकेको कारण जनाई कार्यसमितिका सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ ।

(३) पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित नभई कार्यसमितिको बैठक बस्नेछैन ।

(४) कार्यसमितिमा बहुमतको निर्णय मान्य हुनेछ ।

*१५. कार्यसमितिको काम, कर्तव्य र अधिकार :*

(१) कार्यसमितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :

क) साधारणसभाले स्वीकृत गरेको सिद्धान्तको अधिनमा रही प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

ख) दफा ५ मा उल्लिखित उद्देश्य प्राप्तिका लागि साधारणसभाद्वारा स्वीकृत, योजना र कार्यक्रम कार्यान्वयन गराउने,

ग) साधारणसभाले स्वीकृत गरेको नीति अन्तर्गत रही प्रतिष्ठानको आर्थिक स्रोत जुटाउने तथा उपयोग गर्ने,

घ) प्रतिष्ठानको वित्तीय व्यवस्थापनका लागि आवश्यक विनियमहरू बनाई लागु गर्ने,

ङ) सदस्यता ........** वितरण गर्ने*,

च) प्रतिष्ठानको चलअचल सम्पत्तिको आर्जन र संरक्षण गर्ने, हस्तान्तरण गर्ने र व्यवस्थापन गर्ने,

छ) प्रतिष्ठानका पदाधिकारीहरू तथा सदस्यहरूको सेवा, सुविधा तथा पारिश्रमिक तोक्ने तथा कर्मचारीको सेवा, सर्त सुविधा आदि विषयमा विनियमहरू बनाई साधारणसभामा अनुमोदनको लागि पेस गर्ने,

ज) साधारणसभाले स्वीकृत गरेको सिद्धान्त बमोजिम अन्य निकाय वा संस्थासँग संस्थागत सम्बन्ध र सहयोग प्रवर्धन गर्ने र तत्सम्बन्धी सम्झौता गर्ने निर्णय गर्ने,

झ) प्रतिष्ठानको कार्य प्रगतिको समीक्षा गर्ने र वार्षिक प्रतिवेदन साधारणसभाको अधिवेशनमा पेस गर्ने,

ञ) प्रतिष्ठानको कार्यक्रम संचालनका लागि अन्य आवश्यक कार्य गर्ने,

**ट) कार्यसमितिका सल्लाहकार वा विज्ञ आवश्यक परे नियुक्ति गर्ने,* र**

**ठ) आन्तरिक लेखापरीक्षक तोकी आन्तरिक लेखापरीक्षण गराउने,***

(२) कार्यसमितिले आफूमा निहित सबै वा कुनै अधिकार आवश्यकतानुसार कार्यसमितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्नसक्नेछ ।

## परिच्छेद ५
### साधारण सभा र कार्य समिति

*१६. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :*

**(क) कार्यकारी अध्यक्ष**

(१) साधारणसभा तथा कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

(२) प्रतिष्ठानको कार्यक्रम संचालन गर्न सचिवलाई मार्गदर्शन गर्ने तथा कार्यान्वयनको आदेश दिने, नियन्त्रण र सुपरिवेक्षण गर्ने,

(३) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि अन्य निकाय र संस्थाहरूमा सम्बन्ध र सहयोग कायम राख्ने,

(४) आवश्यक भएमा अन्य पदाधिकारीहरूलाई आफूमा भएको अधिकार प्रत्यायोजन गर्ने,

(५) कार्यसमितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(६) कार्यसमितिको बैठकमा आवश्यक भएमा विशेषज्ञ वा सल्लाहकार आमन्त्रण गर्ने,

(७) कार्यसमितिको सचिवको नाम सिफारिस गर्ने,

(८) प्रतिष्ठानको कार्यगत सम्बन्धलाई विस्तार गर्ने, नयाा अवसरहरूको खोजी गर्ने ।

**(ख) उपाध्यक्ष**

(१) प्रतिष्ठानका उपाध्यक्षले कार्यकारी अध्यक्षको अनुपस्थितिमा कार्यसमितिको बैठक तथा साधारणसभाको अधिवेशनको अध्यक्षता गर्ने,

(२) कुनै कारणवश कार्यकारी अध्यक्षको पद रिक्त भएमा साधारणसभाले अर्को कार्यकारी अध्यक्षको निर्वाचन नगरेसम्म उपाध्यक्षले कार्यकारी अध्यक्षको कर्तव्य र अधिकारको प्रयोग गर्ने,

(३) दफा २४ बमोजिम कार्यकारी अध्यक्षका विरुद्ध भएको अविश्वासको प्रस्तावमाथिको छलफल गर्ने, साधारणसभाको अध्यक्षता गर्ने,

(४) कार्यकारी अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

**(ग) सचिव**

(१) प्रतिष्ठानका सचिवलाई कार्यकारी अध्यक्षको निर्देशन र नियन्त्रणमा रही कार्य सम्पादन गर्ने गरी देहाय बमोजिमको काम, कर्तव्य र अधिकार प्राप्त हुनेछ :

(क) कार्यकारी अध्यक्षको निर्देशन अनुसार कार्य समितिको बैठक बोलाउने,

(ख) कार्यसमितिले स्वीकृत गरेको नियम बमोजिम प्रतिष्ठानलाई आवश्यक कर्मचारीहरूको नियुक्ति तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ग) स्वीकृत बजेटको अधीनमा रही खर्च गर्ने,

(घ) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ङ) कार्यसमितिले स्वीकृत गरे बमोजिम अन्य निकायसँग सम्झौता गर्ने, संयुक्त कार्यक्रम संचालन गर्ने,

(च) प्रतिष्ठानको तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

(छ) प्रतिष्ठानको कार्यालय व्यवस्थापन गर्ने र चलअचल सम्पत्तिको जिम्मा लिने र संरक्षण र व्यवस्थापन गर्ने,

(ज) संस्था दर्ता सम्बन्धी कानुनले तोकेको कुराहरू गर्ने, गराउने र गर्न कार्यसमितिमा पेस गर्ने,

(झ) प्रतिष्ठानको विविध कार्यक्रमको आवधिक प्रगति प्रतिवेदन तयार गरी कार्यसमितिमा प्रस्तुत गर्ने,

(ञ) कार्यसमितिको तर्फबाट साधारणसभामा पेस गरिने वार्षिक प्रतिवेदन तयार गर्ने,

(ट) कार्यसमितिको बैठक सञ्चालन गर्ने र निर्णय पुस्तिका तयार गर्ने, अभिलेख तयार गरी प्रमाणित गर्ने ।

**(घ) कोषाध्यक्ष**

(१) प्रतिष्ठानको मूल कोषको बृद्धि, उपयोग र सुरक्षाका लागि कार्यकारी अध्यक्षसँग कार्यगत सम्बन्ध राख्ने,

(२) प्रतिष्ठानको लेखा नियमित र अद्यावधिक राख्न लगाउने,

(३) प्रतिष्ठानको आर्थिक कारोबार बारे समितिलाई नियमित जानकारी गराउने,

(४) प्रतिष्ठानको वार्षिक अनुमानित आय-व्यय विवरण साधारण सभामा पेस गर्ने,

(५) प्रतिष्ठानको प्रस्तावित वार्षिक बजेट र वासलात तथा खर्च विवरण तयार गरी कार्यसमिति र साधारण सभामा पेस गर्ने,

(६) प्रतिष्ठानको लेखापरीक्षण गराउने र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कार्यको कार्यान्वयन सचिव मार्फत गर्ने गराउने, र

(७) कोष वृद्धि, विस्तार र संचालन नियमित रूपले भए नभएको हेरी सचिवलाई निर्देशन दिने ।

**(ङ) कार्यकारी सदस्य**

(१) कार्यकारी अध्यक्षलाई पूर्व जानकारी दिई प्रतिष्ठानको उद्देश्य अनुरूप प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(२) कार्यकारी अध्यक्षले तोकेका संस्था वा सभामा प्रतिनिधित्व गर्ने, र

(३) प्रतिष्ठानले गर्ने भनी तोकिएका कार्यहरूमा संलग्न भई कार्य सफल बनाउने ।

१७. *पदत्याग गर्नसक्ने :*

कार्यकारी अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजीनामा दिई पदत्याग गर्न सक्नेछन् ।

## परिच्छेद ६
### आर्थिक व्यवस्थापन

१८. *आर्थिक स्रोतः प्रतिष्ठानको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ :*

(क) सदस्यहरूबाट प्राप्त सदस्यता शुल्क र नवीकरण रकम,

(ख) सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम,

(ग) नेपाल सरकार, स्थानीय निकाय वा स्वदेशी संस्था वा नेपाल सरकारबाट स्वीकृति लिई विदेशी स्रोतबाट प्राप्त हुने अनुदान,

(घ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

१९. *चलअचल सम्पत्तिको विवरण :*

प्रतिष्ठानको चलअचल सम्पत्तिको विवरण तयार गरी गराई प्रत्येक वर्षको अन्तमा सचिव तथा कोषाध्यक्षद्वारा प्रमाणित गराई राखिनेछ ।

२०. *कोष र कोष संचालन :*

(१) प्रतिष्ठानको एउटा कोष हुनेछ जसमा दफा १८ बमोजिम प्राप्त हुने सबै रकम जम्मा गरिनेछ ।

(२) कोषको रकम कुनै.....** बैंकमा खाता खोली राखिनेछ ।

(३) बैंक खाताको संचालन कार्यकारी अध्यक्ष वा निजले तोकेको अधिकृत र सचिव वा कोषाध्यक्ष अनिवार्य समेत दुईजनाको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

(४) कुनै व्यक्ति वा संस्थाले अक्षय कोषको व्यवस्था गरेमा सोको प्रयोजनका लागि छुट्टै विनियम बनाई संचालन गर्न सकिनेछ ।

२१. *लेखापरीक्षण :*

(१) प्रतिष्ठानको वार्षिक लेखापरीक्षण आर्थिक वर्ष सकिएको तीन महिनाभित्र दर्ता भएको लेखापरीक्षकद्वारा गराइनेछ ।

(२) लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष कार्यसमिति मार्फत साधारणसभा, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेस गरिनेछ ।

## परिच्छेद ७
### निर्वाचन

२२. *निर्वाचन सम्बन्धी व्यवस्था :*

(१) प्रतिष्ठान दर्ता भएको छ महिनाभित्र विधान अनुसार

कार्यसमितिको पहिलो निर्वाचन गराई सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

(२) निर्वाचन हुनुअगाडि भएका सबै कार्य निर्वाचित पदाधिकारीले गरे सरह मान्य हुनेछ ।

(३)

क) **निर्वाचन अधिकृत कार्य समितिले नियुक्त गर्नेछ*।**

ख) निर्वाचन प्रक्रिया .....** **निर्वाचन अधिकृतले*** निर्धारण गरे बमोजिम हुनेछ ।

(४) कुनै कारणले कार्यसमितिको कुनै पद रिक्त हुन आएको अवस्थामा कार्यसमितिको बााकी अवधिका लागि साधारण सदस्यमध्येबाट कुनै सदस्यलाई कार्यसमितिले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।

(५) कार्यसमितिको पदावधि समाप्त नहुँदै साधारणसभाको अधिवेशन बोलाई नयाा कार्यसमितिको निर्वाचन गराइनेछ । कारणवश सो अवधिभित्रमा निर्वाचन हुन नसकेमा स्थानीय अधिकारीलाई जानकारी दिई थप तीन महिनाभित्रमा निर्वाचन गराइसक्नुपर्नेछ ।

**(६) निर्वाचित पदाधिकारीलाई निर्वाचन अधिकृतले अनुसूची २ बमोजिमको प्रमाणपत्र दिई अनुसूची ३ बमोजिम सपथ ग्रहण गराउनेछन् ।***

*२३. उम्मेदवार हुन योग्यता :*

(१) प्रतिष्ठानको कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुन संस्था दर्ता गर्दाको अवस्थाको तदर्थ समितिको सदस्य रहेको वा प्रतिष्ठानको साधारण वा आजीवन वा संस्थापक सदस्य भएको हुनुपर्छ ।

(२) संस्थागत सदस्य दश वा दशभन्दा बढी भए संस्थागत सदस्यहरूले छानेको एकजना प्रतिनिधि प्रतिष्ठानको कार्यसमितिको सदस्य हुन सक्नेछ ।

(३) संस्थापक सदस्यहरूबाहेक अरू साधारण वा आजीवन सदस्यले कार्यसमितिको सदस्यमा एक अवधि पूरा नगरी कार्यकारी अध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्षको उम्मेदवार हुन सक्नेछैन ।

# परिच्छेद ८
## विविध

*२४. अविश्वासको प्रस्ताव :*

(१) कुनै पदाधिकारीले प्रतिष्ठानको विधान तथा उद्देश्य विपरीत कार्य गरेको वा प्रतिष्ठानलाई हानिनोक्सानी पुऱ्याएको कुराको आधार, कारण र प्रमाण खोली प्रतिष्ठानका एकतिहाई सदस्यले लिखित निवेदन प्रतिष्ठानमा दर्ता गराएमा सो अविश्वासको प्रस्ताव

साधारणसभाको अधिवेशनमा पेस गर्नुपर्नेछ ।

२) आरोपित पदाधिकारीलाई आफ्नो सफाई पेस गर्न मौका दिइनेछ ।

(३) त्यस्तो अविश्वासको प्रस्ताव साधारणसभामा कुल सदस्य संख्याको दुईतिहाई बहुमतले पारित गरेमा सम्बन्धित पदाधिकारी स्वतः बर्खास्त हुनेछ ।

## २५. *विधान संशोधन :*

साधारण सभाका कुल सदस्य संख्याको दुईतिहाई बहुमतबाट पारित गरी विधान संशोधन हुनसक्नेछ र स्थानीय अधिकारीबाट स्वीकृत भएपछि संशोधित विधान लागु हुनेछ ।

## २६. *विनियम बनाउने :*

प्रचलित कानुन र विधान विपरीत नहुने गरी कार्यसमितिले आवश्यक विनियम तर्जुमा गरी लागु गर्नसक्नेछ ...** ।

## २७. *प्रतिष्ठानको विघटन :*

विधान अनुसार संचालन हुन नसकी वा अन्य कुनै कारणवश प्रतिष्ठान विघटन हुन गएमा यसको सम्पूर्ण चलअचल सम्पत्ति प्रचलित संस्था दर्ता सम्बन्धी कानुन बमोजिम सरकारको हुनेछ ।

## २८. *निष्क्रियता :*

यस विधानमा लेखिएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

## २९. *बचाउ :*

यस विधानमा लेखिएका कुराहरू यसै विधान बमोजिम र अन्य कुराहरू कार्यसमितिको निर्णय र निर्देशन तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

## ३०. *तदर्थ समिति :*

(१) यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारणसभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाा कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

(२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरू यसै विधान सरह भएको मानिनेछ ।

# अनुसूची १ : सदस्यता प्रमाण-पत्र

**(दफा ७.२ को प्रयोजनको लागि)**

....................जिल्ला ..............गाविस/नपा वडा नं ................वस्ने श्री/श्रीमती/सुश्री ............................................................स्वशासन अध्ययन प्रतिष्ठानको विधान २०६२ को दफा ७ अनुसार यस प्रतिष्ठानको .................. सदस्य भएको हुँदा निजलाई यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

................. ......................

सचिव कार्यकारी अध्यक्ष

मितिः २०...../.../.....

# अनुसूची २ : कार्य समितिमा निर्वाचित भएको प्रमाण-पत्र

**(दफा ७.२ को प्रयोजनको लागि)**

...................जिल्ला ..............गाविस/नपा वडा नं ................वस्ने श्री/श्रीमती/सुश्री ............................................................स्वशासन अध्ययन प्रतिष्ठानको विधान २०६२ को दफा २२ (५) अनुसार यस प्रतिष्ठानको ................. पदमा निर्वाचित हुनु भएको हुादा उहााको कार्यकालको सफलताको कामना गर्दै यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

.......................

निर्वाचन अधिकृत

मितिः २०...../..../.....

# अनुसूची ३ : निर्वाचित पदाधिकारीको शपथ ग्रहणको ढाँचा

**(दफा २२.६ सँग सम्बन्धित)**

म ..................... ईश्वरको नाममा शपथ लिन्छु / सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि म स्वशासन अध्ययन प्रतिष्ठानको विधान, २०६२ प्रति पूर्ण वफादार रही ........................ कार्यकारी समितिको .................पदमा रही पदीय हैसियतले कामकाज गर्दा कसैको डर, धाक, प्रलोभनमा नपरी, खराब भावना नलिई, प्रतिष्ठानको अहित हुने कुनै पनि गोप्य सूचना बाहिर नलगी, प्रतिष्ठानको हित चिताई इमान्दारीका साथ आफ्नो कर्तव्य पालना गर्नेछु ।

शपथ ग्रहण गराउने अधिकारीको हस्ताक्षर :
नाम, थर :
वतन :
पद : निर्वाचन अधिकृत
मिति :

शपथ ग्रहण लिनेको हस्ताक्षर :
नाम, थर :
वतन :
पद :
मिति :

## अनुसूची ४ : प्रतिष्ठानको प्रतीक चिह्न (Logo) को नमुना

**(दफा २२.६ साग सम्बन्धित)**

**नोटः**

---

*    पहिलो संशोधनबाट मिलाइएको

*    पहिलो संशोधनबाट थप गरिएको

**  पहिलो संशोधनबाट हटाइएको

**स्वशासन अध्ययन प्रतिष्ठान**

**Institute of Local Governance Studies (Inlogos)**

अनामनगर, काठमाडौं

फोनः ०१-४२६६१५८

E-mail: inlogos@wlink.com.np